महान घट्नाहरु



पाष्टरीय तालीम पुस्तिका

९

तालीम र वृद्धि

T&M ®

परमेश्वरका जनहरुको इतिहासमा घटेका यी महान घट्नाहरु क्रमैसँग कन्ठ पार्न परमेश्वरले सहायता गरुन् भनी उहाँसँग प्रार्थना गर्नु होस् ।

आफ्ना सम्पूर्ण हृदयदेखि उहाँको उपासना गर्न र सेवा गर्न राजी हुने मानिसहरु तयार पार्न युगौं युगदेखि परमेश्वरले महान ऐतिहासिक घट्नाहरु प्रयोग गर्नुभयो ।

पहिलो घट्ना हामी उत्पत्तिमा पाउँदछौं ।

सृष्टि

(उत्पत्ति १ र २) आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।

उहाँले सबै बोट-विरुवाहरु, पक्षीहरु, जन्तुहरु अनि मानिसलाई सृष्टि गर्नुभयो ।

सबै साह्रै असल थियो । तर मानिसले पाप गऱ्यो, अनि उसको पतनको कारण सबै कुरा भ्रष्ट हुन पुग्यो ।

पतन

(उत्पत्ति ३)



मानिसलाई छक्याउनको निम्ति सैतानले साँपको रुप धारण गऱ्यो, अनि त्यसले मानिसलाई परीक्षामा पाऱ्यो । आदम र हवाले मनाही गरि एको फल खाए । उनीहरुले परमेश्वरको आज्ञा उल्लङ्घन गरे । मानिसको पहिलो पाप (अर्थात मौलिक पाप) यही थियो ।

आदमको वंश झन झन दुष्ट बन्दै गयो अनि संसारलाई भ्रष्ट पाऱ्यो । सबै पापी मानव जातिलाई परमेश्वरले नष्ट पार्ने निर्णय गर्नुभयो ।

(आदम र हवाबाहेक अरु) कसले पाप र भ्रष्टता यस संसारमा ल्यायो ?

श_____।

जलप्रलय

(उत्पत्ति ७)

एक जलप्रलयद्वारा पर मेश्वरले पृथ्वीमा भएका सबै नष्ट पार्नुभयो । तर उहाँले नूह र उसको परिवारलाई बचाउनु भयो ।



यो एक नयाँ अवसर थियो । तर नूहको वंश पनि अघि जस्तै भ्रष्ट भयो अनि धेरै जना मूर्तिपूजातिर लागे । यसैकारण पर मेश्वरले पृथ्वीभरिका मानिसहरुबाट एक जनालाई चुन्नुभयो, जसले उहाँको आज्ञा पालन गर्न सकून् । यही मानिसबाट पर मेश्वरले एक पवित्र राष्ट्र, अर्थात परमेश्वरको एक जाति, बनाउने प्रतिज्ञा गर्नुभयो । परमेश्वरले यो करार (एबेरका सन्तान) एक हिब्रू अब्राहामसित बाँध्नुभयो ।

अब्राहामसित करार बाँध्नुभएको

(उत्पत्ति १२,१५)

परमेश्वरले अब्राहामलाई आकाशका ताराहरु जतिकै ठूलो संख्यामा सन्तानहरु दिनेछु भनी प्रतिज्ञा गर्नुभयो । उनीहरु एक ठूलो राष्ट्र बन्नेछन् । यो राष्ट्रलाई एक भूमि पनि दिनेछु भनी उहाँले प्रतिज्ञा गर्नुभयो । यहूदीहरु सबै नै अब्राहामका सन्तान हुन् । यसैकारण उनीहरुले उनलाई "पिता" भन्दछन् । अब्राहामलाई दिइएको प्रतिज्ञाद्वारा नै सबै विश्वासीहरुले आत्मिकी आशिष पाउँदछन् । हामी उहाँका सन्तान हौं, किनकि हामीसँग पनि अब्राहाममा भएजस्तै विश्वास छ । (रोमी ४:१६-१८)

अब्राहामले परमेश्वरमा विश्वास गरे । उहाँले अब्राहामलाई एक पुत्र, इसहाकद्वारा आशिषित पार्नुभयो । इसहाकको पुत्रको नाउँ चाहिँ याकूब हो ।

अब्राहामकै सन्तानद्वारा संसारका सारा राष्ट्रहरुलाई आशिष दिनेछु भन्ने प्रतिज्ञा पनि परमेश्वरले गर्नुभयो । यो प्रतिज्ञा परमेश्वरको पुत्र बनेर आउनुभएका, अब्राहामको सन्तान, खीष्टमा पूरा भएको हामी पाउँदछौं ।

नयाँ राष्ट्र इस्राएलको पिता हुन परमेश्वरले कसलाई चुन्नुभयो ?

_____

संसारका सारा राष्ट्रहरुलाई आशिष दिने प्रतिज्ञा परमेश्वरले अब्राहामको कुन सन्तानद्वारा पूरा गर्नुभयो ?

_____

परमेश्वरले याकूब (अब्राहामको नाति)लाई "इस्राएल" नाउँ दिनुभयो । यसैकारण, उनका सन्तानलाई "इस्राएलका सन्तान" अर्थाता इस्राएली भनिन्छ ।

परमेश्वरले अब्राहामलाई भन्नुभएको थियो कि उसको सन्तान मिश्र देशमा ४०० वर्ष दास बन्नेछन् । यो प्रतिज्ञा त्यतिबेला पूरा भयो जब अनिकालको कारण याकूब (अब्राहामको नाति, इसहाकको छोरा) मिश्रमा रहनलाई गए । अब्राहाम र उसको परिवारको इतिहास हामी उत्पत्तिमा पाउँदछौं ।

मिश्रमा दासत्व

(उत्पत्ति ४६, प्रस्थान १)

याकूबका बाह्रजना छोराहरु थिए । अनिकालबाट बँच्न तिनीहरु मिश्रमा गए । उनीहरु त्यहाँ वृद्धि हुँदै गएर बाह्र कूल बने । पछिबाट मिश्रीहरुले तिनीहरुलाई दास बनाए । तिनीहरुको जीवन कठीन थियो अनि उनीहरुले सहायताको निम्ति परमेश्वरमा पुकारा गर्दथे ॥



आश्चर्यमय छुटकारा

(प्रस्थान १२)

तब तिनीहरुलाई छुटकारा दिलाउनको निम्ति परमेश्वरले मोशालाई तयार पार्नुभयो । परमेश्वरले मिश्रीहरुलाई दसवटा विपत्तिद्वारा सजाय दिनुभयो । त्यसपछि उहाँ र ाती तिनीहरुको माझबाट जानुभयो अनि मिश्रीहरुका जेठाहरुलाई मार्नुभयो ।

तर उहाँले जुन जुन इस्राएलीहरुका घरको ढोकाको चौकोसका दुईपट्टिका खम्बाहरु र माथिल्लो भागमा रातो र गतको चिन्ह पाउनुभयो, तिनीहरुका जेठाहरुलाई चाहिँ छोडिदिनुभयो ।

मिश्रबाट इस्राएलीहरुलाई छुटकारा दिनको निम्ति परमेश्वरले कसलाई प्रयोग गर्नुभयो ?

_____

विपत्तिहरु र मृत्युबाट सजाय पाएपछि, मिश्री शासकले इस्राएलीहरुलाई मिश्र देश छोड्ने मञ्जूरी दिए। तर चाँढै तिनले आफ्नो मन परिवर्तन गरे। उसका सिपाहींहरुले इस्राएलीहरुलाई खेद्न थाले।

इस्राएलीहरु सुखा भूमिबाट पारी जान सकून् भनेर परमेश्वरले लाल समुद्रलाई दुई भाग पारिदिनुभयो। तर जब मिश्री सिपाहींहरुले पनि पारी जान खोजे, परमेश्वरले तिनीहरुलाई समुद्र फर्काएर त्यहीँ डुबाइदिनुभयो।

यसपछि, परमेश्वरका जनहरु उजाडभूमिबाट भएर यात्रा गर्न थाले। मध्यस्थको रुपमा मोशामार्फत उहाँले तिनीहरुलाई दस आज्ञा दिनुभयो।

दस आज्ञा

(प्रस्थान २०)

परमेश्वरले सिनै पर्वतमा दुईवटा पाटीहरुमा आफ्ना दस आज्ञा कुँद्नुभयो।



अब्राहामसँग प्रतिज्ञा गर्नुभएको देशमा परमेश्वरले उनीहरुलाई लैजान चाहनुहुन्थ्यो । तर मानिसहरुले परमेश्वरको आज्ञा उल्लङ्घन गरे, यसकारण उनीहरुले ४० वर्षसम्म उजाडभूमिमा घुमिहिँड्नुपर्‍यो ।

जब आज्ञाकारीहरु मारिसके, परमेश्वरले आफ्ना बाँकी जनहरुलाई प्रतिज्ञाको भूमिमा डोर्‍याउनुभयो । तर त्यो भूमि परमेश्वरलाई नचिन्ने जातिहरुद्वारा कब्जा भइसकेको थियो । इस्राएलीहरुले तिनीहरुलाई पराजित गर्नु परेको थियो ।

मिश्रबाट प्रस्थान, उजाडभूमिका अनुभवहरु, अनि मोशाको दस आज्ञाको बारेमा प्रस्थान, लेवी, गन्ती अनि व्यवस्थाका पुस्तकहरुमा लेखिएका छन् ।

भूमि हासिल गरेको

(यहोशू)

यहोशूले परमेश्वरको सेनालाई अगुवाइ गरे । उनीहरुले प्रतिज्ञाको भूमिमाथि आक्रमण गरे

अनि त्यहाँ बसिरहेका मूर्ति-पूजकहरुमाथि विजयी बने । जब उनीहरु सुरक्षित बने, उनीहरुले परमेश्वरलाई भुले । उहाँले तिनीहरुलाई सजाय दिन विदेशी राष्ट्रहरुलाई उठाउनुभयो । जब तिनीहरुले पश्चाताप गरे, उहाँले तिनीहरुलाई व्यवस्थित तुल्याउन न्यायकर्ताहरु पठाइदिनुभयो ।

न्यायकर्ताहरुको शासन

(न्यायकर्ताहरु)

जब इस्राएलीहरुले अरु देवता-देवीहरु पुज्न थाले, परमेश्वरले तिनीहरुलाई विदेशी राष्ट्रहरुको आक्रमणद्वारा सजाय दिनुभयो ।

जब तिनीहरुले पश्चाताप गरे, परमेश्वरले तिनीहरुलाई उनीहरुको शत्रुबाट कुनै एक न्यायकर्ता पठाउनु भई छुटकारा दिलाउनुभयो । उनीहरु फेरि पापमा नपरुञ्जेल शान्तिमा रहन्थे । यही प्रक्रिया धेरै पटकसम्म दोहोरिरहच्यो ।



न्यायकताका शासनबारे न्यायकर्ता, रुथ अनि १ शमूएलको पुस्तकहरुमा पाइन्छ । पछिबाट इस्राएलीहरुले न्यायकर्ताहरुलाई पनि इन्कार गरे, अनि राजाको माग राखे । परमेश्वरले तिनीहरुलाई शाऊल राजा उनीहरुमाथि राज्य गर्नलाई दिनुभयो ।

राज्यहरुको प्रारम्भ

(१ शमूएल ९)

प्रथम राजाहरु थिए– शाऊल, दाऊद अनि सुलेमान । दाऊदले धेरै भूमि जिते अनि राज्यमा सुशासन र समृद्धि ल्याए ।



परमेश्वरले दाऊदसित एक करार बाँध्नुभयो । उहाँले उसको सन्तानबाट एक विशेष राजा पठाउनुहुने अनि उनैले उसको राज्य सधैंको निम्ति स्थापित गर्नुहुने प्रतिज्ञा गर्नुभयो । प्रभु येशू खीष्टकी माता मरियम अनि उहाँको धर्मपिता युसुफ, दुवै दाऊदका सन्तान थिए ।

दाऊदको सन्तानले सदैव राज गर्नेछ भनेर परमेश्वरले गर्नुभएको सबै अगमवाणीहरु प्रभु येशू ख्रीष्टमा पूरा भयो ।

दाऊदको सन्तानहरुमध्ये एक जनाले सदैव राज गर्नेछ भनी परमेश्वरले दाऊदसित करार बाँध्नुभएको थियो । परमेश्वरले यो प्रतिज्ञा कसमा पूरा गर्नुभयो ?

दाऊदको ज्ञानी छोरा अर्थात तेस्रो राजा सुलेमानले प्रथम मन्दिर निर्माण गरे ।

मन्दिरको निर्माण

(१ राजा ६)

मन्दिर सुन्दर, अनि सारा स्रंसारमा प्रसिद्ध थियो । यसले उहाँका जनहरुको बीचमा परमेश्वरको प्रतिनिधित्व गर्दथ्यो । हाम्रो निम्ति ख्रीष्टको मृत्युलाई संकेत गरेर, इस्राएलीहरुले त्यहाँ पशु बलि चढाउँदथे ।

दुःखलाग्दो कुरा, जब सुलेमान बूढो भए, तब उनी परमप्रभुबाट तर्के, अनि मूर्तिपूजा गर्न थाले। सजाय स्वरुप, उसको सन्तानले केवल एक कूल, यहूदामाथि मात्र र

ाज्य गर्नेछ भन्ने कुरो परमेश्वरले ठहराउनुभयो। अरु कूलहरुले अर्को राज्य स्थापित गर्नेछ।

राज्यको विभाजन

(१ राजा १२)

इस्राएलको बाह्र कूलहरु विभाजित भए, दस कूलहरु मिलेर उत्तरी राज्य इस्राएल स्थापित गरे। दक्षिणका कूलहरु चाहिँ यहूदाको राज्य भए। ("यहूदी" नाउँको प्रार म्भ यहीँबाट भएको थियो। आज इस्राएलका बाह्रै कूलका



सबै सन्तानहरुलाई यहूदी भनिन्छ ।) विभाजनपछि, ती दुई र ाज्यहरु, इस्राएल र यहूदा, कमजोर भए । उनीहरु घरिघरि नै परमेश्वरको वागी बने, अनि मूर्तिपूजा गरिरहे । परमेश्वरका अगमवक्ताहरुले उनीहरुलाई चेतावनी दिए, तर पनि उनीहरुले वास्ता गरेनन् । परमेश्वरले उनीहरुलाई सजाय दिनैपर्‍यो ।

विभाजनपछि ती दुई राज्यहरुको नाउँ के के थियो ?

राजाहरुको विवरण १ र २ शमूएल, १ र २ राजा, अनि १ र २ इतिहासमा पाइन्छ । अगमवक्ताहरुको चेताउनी चाहिँ यशैया, यर्मिया अनि अन्य अगमवाणीका पुस्तकहरुमा पाइन्छ ।

इस्राएली राज्यलाई निर्वासनमा लानको निम्ति परमेश्वरले अश्शूरको राजालाई अह्राउनुभयो । लगभग सय वर्षपछि, बेबिलोनको राजाले यहूदाको राजधानी यरुशलेम नष्ट पार्‍यो, अनि यो राज्यलाई पनि बन्दी बनाएर लग्यो ।

बेबिलोनमा बन्दी

(२ राजा २५)



यहूदीहरु बेबिलोनमा बन्दी बनाइए । त्यहाँ तिनीहरुले परमेश्वरको आज्ञा उल्लङ्घन गरेको अनि मूर्तिपूजा गरेको निम्ति पश्चाताप गरे । फेरि पनि तिनीहरुले उनीहरुको छुटकारामा चाहिएको सहायताको निम्ति परमेश्वरसँग पुकारा गरे । परमेश्वरले उनीहरुलाई तिनीहरुकै देशमा फर्कनलाई मञ्जूरी दिनुभयो ।

फर्केको

(एज्रा १)



फारसले बेबिलोनी साम्राज्यलाई पराजित गऱ्यो । फारसका राजाले

यहूदीहरुलाई आफ्ना देशमा फर्किन मञ्जूरी दिए । यरुशलेमलाई पुननिर्माण गर्ने अगुवाहरु थिए– एज्रा र निहेम्याह । यहूदीहरु फर्किन पाए पनि उनीहरु पूर्ण रुपमा स्वतन्त्र थिएनन् । उनीहरु विभिन्न विदेशी शक्तिहरुको अधीनमा थिए ।

विदेशीहरुको अधीनमा

इस्राएल पुनर्स्थापित भए तापनि यो फारस, ग्रीस अनि सिरिया देशहरुको अधीनमा रहनुपर्‍यो । विदेशीहरुको अधीनमा यहूदीहरु अशान्त थिए । धेरै पटक उनीहरुले विद्रोह गर्ने प्रयास पनि गरे । केही छोटो समयको निम्ति उनीहरुलाई "मकाबी" ले स्वतन्त्र पारिदिएका थिए ।



मकाबीहरुद्वारा स्वतन्त्रता



छोटो समयको स्वतन्त्रता यहूदा मकाबी (जसलाई "मार्तोल" पनि भनिन्छ) ले दिलाएका थिए। पुरानो करारको पुस्तकमा यो विवरण पाइन्न। यो घट्ना खीष्टको जन्म हुनुअघि, पुरानो र नयाँ करारको बीचको समयमा घटेको थियो। यो समयमा रोमीहरुले संसारमाथि विजय हासिल गरिरहेको थियो।

रोमी साम्राज्यको शुरुआत



रोमीहरुले लगभग ५०० वर्षसम्म संसारमा प्रभाव जमाए। उनीहरुले, येशू खीष्टको जन्म हुँदा, यहूदीहरुको भूमि (पहिले प्यालेष्टाइन भनिन्थ्यो) मा शासन गरिरहेका थिए।

नयाँ करारको शुरुआत

हाम्रा प्रभु येशू खीष्टको जन्म

(मत्ती, मर्कूस, लूका, यूहन्ना)

जब प्रभु येशू खीष्टको जन्म भयो, रोमी साम्राज्य भूमध्यसागरभरि फैलिएको थियो । हाम्रा प्रभुले आफ्नो सार्वजनिक सेवकाइ तीस वर्षको उमेरमा शुरु गर्नुभयो ।

येशू खीष्टको सेवकाइ

धेरै शताब्दीसम्म, "माछा" इसाईहरुको निम्ति संकेत बनेको थियो किनकि ग्रीक भाषामा "येशू, खीष्ट, परमेश्वर को पुत्र, मुक्तिदाता" का प्रथम अक्षरहरु मिलाई "माछा" शब्द बनाइएको थियो ।



यस पृथ्वीमा येशू खीष्टको सार्वजनिक सेवकाइ लगभग तीन वर्षसम्म रहचो । उहाँले सुसमाचार प्रचार गर्नुहुँदै, शिक्षा दिनुहुँदै, अनि आफ्ना चेलाहरुलाई तालीम दिनुहुँदै जानुभयो । सुसमाचारहरुमा प्रभुको जीवनी र शिक्षाहरुको विवरण पाइन्छ ।

येशू खीष्टको मृत्यु र पुनरुत्थान

येशू खीष्ट, परमेश्वरको पुत्र बलिदानको निम्ति थुमा हुनुहुन्छ, जो हाम्रो निम्ति मर्नुभयो । उहाँमा विश्वास गरेर हामीले हाम्रा पापहरुको क्षमादान पाउँदछौं ।



उहाँको पुनरुत्थानपछि, येशू खीष्टले उहाँका चेलाहरुलाई सारा संसारमा सुसमाचार लैजानको निम्ति आज्ञा गर्नुभयो । तब उहाँ स्वर्गारोहण हुनुभयो । अब, उहाँमा विश्वास गर्नेहरु, चाहे यहूदी हुन् वा अरु जाति, सबै परमेश्वरका सन्तान हुनसक्छन् ।

प्रेरितीय मण्डली

(प्रेरित अनि पत्रहरु)



ख्रीष्टले उहाँका चेलाहरुलाई सारा संसारमा सुसमाचार लैजानको निम्ति पठाउनुभयो । उहाँले तिनीहरुलाई पवित्र आत्माको शक्तिमा, उहाँको नाउँमा पश्चाताप र क्षमादानबारे प्रचार गर्ने आज्ञा गर्नुभयो ।
(लूका २४:४६-४९, प्रेरित १:८)

पेन्तिकोसको दिनमा, विश्वास गर्ने यहूदीहरुमाथि सर्वप्रथम पवित्र आत्मा आउनुभयो । त्यसपछि पवित्र आत्मा, पत्रुसले सिजरियामा कर्णलियसको घरमा प्रचार गरिरहेको बेला, गैर-यहूदीहरुकहाँ आउनुभयो ।

शुरुको मण्डलीले सुसमाचार प्रचार गरे । यो द्रूत गतिमा बढ्दै गयो । उनीहरुले प्रेरितहरुको नमूना पछ्याए । चेलाहरु उहाँको साक्षी बन्न सामर्थ्यवान् बनून् भनेर ख्रीष्टले सबै चेलाहरुमाथि पवित्र आत्मा पठाउनुभयो ।

साक्षी दिनको निम्ति अधिकार र सामर्थ्य हामीले कसबाट पाउँछौं ? _____

यहाँदेखि उताको मण्डली इतिहास बाइबलमा पाइन्न, तर प्राचीन ऐतिहासिक दस्तावेजहरुमा पाइन्छ ।

कन्स्टेन्टाइनको परिवर्तन

रोमी सम्राटहरुले इसाईहरुमाथि सतावट ल्याए अनि तिनीहरुमध्ये धेरै मरे । यति हुँदाहुँदै पनि रोमी साम्राज्यमा अनि यसदेखि बाहिर (एशिया, यूरोप अनि उत्तरी अफ्रिकाको भागहरुमा) मण्डली द्रूत गतिमा बढ्न थाल्यो ।



कन्स्टेन्टाइन नै सर्वप्रथम इसाई बन्ने रोमी सम्राट थिए । सन् ३१३ मा, उनले मिलानको घोषणा-पत्र निकाले जसले मण्डलीलाई सुरक्षा प्रदान गरेको थियो । मण्डली, एक पवित्र

संगति, रोमी सरकारको सुरक्षा पाएको संस्था बन्न पुग्यो । यसले यसको शुद्धता गुमायो ।

नामधारी भए पनि, सर्वप्रथम इसाई हुने सम्राट को थिए ?

"विश्वासका सारहरु" को विकास



जसै विश्वासीहरुले झूटा शिक्षाहरुको सामना गर्नुपर्‍यो, उनीहरुले इसाई विश्वासको सिद्धान्त अर्थात "विश्वासका सारहरु" विकास गरे । "विश्वासका सारहरु" लेटिन भाषाको "क्रेडो" शब्दबाट लिइएको हो जसको अर्थ हुन्छ– "म विश्वास गर्छु ।"

"विश्वासका सारहरु" मध्ये "प्रेरितहरुको", "निसियाको", अनि "चाल्सेडोनियाको" निकै महत्त्वपूर्ण छन् ।

रोमी साम्राज्यको पतन

धेरै समयदेखि रोमी साम्राज्यको पतन हुँदै थियो । सन् ४७६ मा, साम्राज्य पूर्ण रुपमा पतन भयो । पश्चिमी यूरोपमा कानून नै नभएको जस्तो स्थिति हुनगयो ।



रोमको विशपको अभ्युदय

रोमी सम्राटले रोमको विशपलाई समर्थन गरेका थिए । उसले अरु पाष्टर तथा विशपहरुमाथि बढीभन्दा बढी अधिकार जमाउन थाल्यो । उसलाई "पोप" भनिन थालियो । मण्डलीले यसको शिर अर्थात खीष्टको मात्र आज्ञा पालन गर्न छोडचो । यसले रोमी प्रणालीको सरकारको नक्कल गर्नुथाल्यो ।



अन्धकारको युग

सन् ५०० देखि १००० सम्मन्, र ाष्ट्रहरुका सरकारहरु कमजोर थिए । शिक्षा र कलामा थोरै मात्र ध्यान दिइयो । मण्डली अज्ञानताको अवस्थाबाट गुज्रिनुपर्‍यो ।



धर्मयुद्धहरु (क्रूसेडहरु)

धर्मयुद्धहरु भन्नाले मुस्लिम विजेताहरुको विरुद्ध पश्चिमी यूर ोपबाट सैन्य शक्तिको आक्रमण थियो । लोभबाट प्रेरित भएर, उनीहरुले शक्तिद्वारा इस्राएलको भूमि (प्यालेष्टाइन) विजय गर्ने प्रयास गरे । यो एक भूल थियो । तिनीहरुले बाटोमा पर्ने इसाई शहर हरु पनि आक्रमण गरे अनि लुटे पनि ।



धर्मसुधार

सन् १५१७ देखि मार्टिन लूथरले जर्मनीको चर्चबाट धर्मसुधारको अभियान शुरु गरे । प्रोटेस्टेन्टहरुले इसाईहरुको अधिकार पोप होइन, तर पवित्र बाइबल अर्थात परमेश्वरको वचन हो भनी मानिलिए । उनीहरुले यो सत्यतालाई पनि जोड दिए कि हामी कामद्वारा होइन, तर विश्वासद्वारा बचाइएका हौं ।



इभान्जलिकल ब्युँझाइ

दुई समय वर्षअघि, इभान्जलिकलहरुले यो कुरामा जोड दिए कि बाइबलको सिद्धान्त जान्नु मात्र पर्याप्त होइन । मानिसहरुले येशू खीष्टलाई व्यक्तिगत रुपमा चिन्नु पर्दछ, अनि पवित्र आत्माद्वारा नयाँ जीवन पाउनु पर्दछ ।



मण्डलीको विस्तार

अहिले हामी यस युगमा छौं । सारा संसारका राष्ट्रहरुमा मण्डलीको विस्तार भएर गइरहेछ । प्रभुले यो प्रतिज्ञा गर्नुभएको छ कि जब सारा राष्ट्रहरुले सुसमाचार सुनिसक्छ, तब यो युगको अन्त हुनेछ । (मत्ती २४:१४)

परमेश्वरले यस्ता मानिसहरुको झुण्ड तयार पार्दैहुनुहुन्छ जसले उनीहरुको सारा हृदयबाट उहाँको आराधना र सेवा गर्ने छन् । प्रभु येशू ख्रीष्टबाट बचाइएका यो झुण्ड, अर्थात मण्डली परमेश्वरले बनाउनु हुने नयाँ सृष्टिमा प्रवेश गर्नेछ । (२ पत्रुस ३:१३)

सारांश जाँच

अर्को खण्डमा, हरेक चित्रले के संकेत गर्दछ, सो लेख्नुहोस् । यदि तपाईले सम्झनसक्नु भएन भने, अघिल्लो पानाहरुमा हेर्नुहोला ।

१. _____

२. _____

३. _____

४. _____

५. _____

६. _____

७. _____ 

८. _____

৯. _____ 

১০. _____

১১. _____

১২. _____

১৩. _____ 

১৪. _____

১৫. _____ 

১৬. _____ 

१७. _____

१८. _____

१९. _____

२०. _____

२१. _____

२२. _____

२३. _____

२४. _____ 

२५. _____

२६. _____

२७. _____

२८. _____

२९. _____

३०. _____

अभ्यासको काम

- घट्नाहरुलाई क्रमैसँग कन्ठ पार्नोस्, अनि तिनीहरुको अर्थ तपाईका मानिसहरुलाई सिकाउनु होस् ।

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

009NP01A-01